"कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पुर्वाधार: सुन्दर समृद्ध बर्जुको आधार"

# बर्जु गाउँपालिका
# गाउँ कार्यापालिकाको कार्यालय
## अमाहिवेल्हा सुनसरी

१ नं प्रदेश नेपाल

प सं : ०७७/०७८
च नं

बर्जु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अमाहिवेल्हा, सुनसरी प्रदेश नं.१, नेपाल

## बिज्ञप्ति ।

विश्वव्यापी रुपमा फैलिरहेको नोवेल कोरोना भाइरस ( COVID-19) को संक्रमण यस गाउँपालिका भित्र समुदायस्तरमा देखा परी दिनानुदिन संक्रमण बढ्ने क्रम जारी रहेको र यस गाउँपालिका भित्र संक्रमितको संख्या उच्चरुपमा बढीरहेको देखिएको साथै जिल्ला प्रशासन कार्यालय सुनसरी वाट समेत २०७७ भाद्र १४ गते सम्म जिल्ला भित्र निषेधाज्ञा जारी भएको सूचना समेतलाइ आधार मानी यस गाउँपालिका भित्र मिति २०७७ भाद्र ०७ गते सम्म लागु गरिएको लकडाउनलाइ मिति २०७७/०५/१४ गते सम्म थप गर्ने गाउँपालिका स्तरिय COVID-19 रोकथाम तथा नियन्त्रण समन्वय समितिको मिति २०७७/०५/०७ गतेको बैठकवाट निर्णय भएको हुदाँ **मिति २०७७/०५/१४ गते सम्मका लागी गाउँपालिका क्षेत्रभित्र Lock Down (बन्दा बन्दी) थप गर्ने निर्णय भएको व्योहोरा सर्वसाधारण सवैमा जानकारी गराईन्छ** । उक्त लकडाउनको पूर्णपालना गर्न गराउन हुन सर्वसाधारण सवैमा अनुरोध छ ।

- लकडाउन अविधभर अत्यावश्यक सेवा ( स्वास्थ्य तथा भेटनरी सेवा वाहेक) अन्य सम्पूर्ण सेवा २०७७ भाद्र १४ गते सम्म बन्द रहने । ( गाउँपालिका तथा वडा कार्यालयवाट प्रवाह हुने दैनिक प्रशासनिक सेवा समेत)
- जिल्ला प्रशासन कार्यालय वाट जारी निषेधाज्ञाको पूर्णरुपले पालना गर्ने गराउने ।
- हाल संक्रमित देखिएको वडा नं ४ को आसपासको क्षेत्र , वडा नं २ को भीमपूर बजार क्षेत्र र वडा नं ३ को फारमचौक बजार क्षेत्र लाई पूर्ण रुपमा बन्द (शिल्ड) गर्ने ।
- सो वाहेका अन्य क्षेत्रका दैनिक उपभोग्य (खाद्यसामाग्री) वेच्ने पसल विहान १०:०० बजे देखी वेलुका ४:00 बजे सम्म मात्र खुल्ला राख्ने र सामाजिक दुरी कायम गरी वेचविखन गर्ने ।
- उद्योग धन्दा ,कलकारखानाहरु तथा निर्माण कार्यमा संलग्न मजदुरहरुलाइ काममा लगाउने उद्योग वा ठेकेदारले स्वास्थ सुरक्षा सम्वन्धि मापदण्डको पूर्णपालना गरी कामकाज गराउने ।
- सम्पूर्ण लघुवित्त/सहकारी/ गैरसरकारी तथा वित्तिय संस्थाहरु लकडाउन अवधिभर बन्द राख्ने ।
- साप्ताहि हाट,दैनिक गुद्री र गाउँपालिका भित्रका सम्पूर्ण बजार पूर्णरुपमा बन्द राख्ने ।
  सार्वजनिक भाडाका सवारी साधन (वस,टेम्पो,अटोरिक्सा,सिटी रिक्सा,भ्यान आदी) संचालन नगर्ने ।
- अति आवश्यक काम वाहेक अन्य सवै प्रकारका आवतजावत लाइ विराटनगर आउजाउमा रोक लगाउने ।
- गाउँपालिका क्षेत्रको चौतर्फि नाकाहरु वाट अत्यावश्यक काम वाहेकका मानिसहरुलाइ आवतजावत गर्न नदिने ।
- लकडाउनको पूर्णपालना भए नभएको सन्दर्भमा सम्वन्धित वडाका जनप्रतिनिधि तथा शुरक्षाकर्मी वाट अनुगमन गर्ने । लकडाउनको उलंघन भएको ,चौकमा भेला हुने किसिमको कार्यगरेको पाइएमा गृहमन्त्रालयको आदेश वमोजिम स्थानिय प्रहरीले कार्वाही अगाडी बढाउने ।

मिति :-२०७७/०५/०७

-----------------------
अध्यक्ष
(रघुनन्दन चौधरी)